यस व्यास नगरपालिकाको १६० औं बैठक आज मिति २०७९/११/८ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ उ | पस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री हरिराम नागिला | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७९/१०/२२ गते भएको कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
प्रस्ताव नं.२: व्यास नगर प्रज्ञा सभा र प्रज्ञा परिषद गठन सम्बन्धमा।
प्रस्ताव नं.३: व्यास नगरपालिकाका सल्लाहकार मनोनयन सम्बन्धमा।
प्रस्ताव नं.४: पूर्व जनप्रतिनिधि परामर्श समिति गठन गर्ने सम्बन्धमा।
प्रस्ताव नं.५: व्यास नगर खेलकूद समिति गठन गर्ने सम्बन्धमा।
प्रस्ताव नं.६: व्यास नगरपालिका वडा नं.८ को वडा कार्यालयका लागि आवश्यक जग्गा अधिग्रहण प्रकृया अघि बढाउने सम्बन्धमा।
प्रस्ताव नं.७: महिला हाफ म्याराथन आयोजना गर्ने सम्बन्धमा।
प्रस्ताव नं.८: व्यास नगरपालिका बहुउद्देश्यीय भवन निर्माण प्रकृया अघि बढाउने सम्बन्धमा।
प्रस्ताव नं.९: सहकारी संस्था अनुदान वितरण सम्बन्धी कार्यविधि २०७९ पारित गर्ने सम्बन्धमा।
प्रस्ताव नं.१०: व्यास नगर खेलकूद व्यवस्थापन कार्यविधि २०७७ संशोधन सम्बन्धमा।
प्रस्ताव नं.११: आ.व. २०८०/०८१ को योजना तर्जुमा तयारी सम्बन्धमा।
प्रस्ताव नं.१२: क्रमागत तथा यसै आ.व. का योजनाहरुको सम्पन्न कामको भुक्तानी सम्बन्धमा।
प्रस्ताव नं.१३: एकल महिला, पुरुष र गर्भवती पोषण भत्ता वितरण समितिमा सदस्य तोक्ने सम्बन्धमा।
प्रस्ताव नं.१४: अत्यावश्यक सेवा र विपदजन्य कार्यमा रकम विनियोजन सम्बन्धमा।
प्रस्ताव नं.१५: योजना परिवर्तन सम्बन्धमा।
प्रस्ताव नं.१६: बजेट शिर्षक नं. ९४७ को बजेट बाँडफाँट सम्बन्धमा।
प्रस्ताव नं.१७: रुख कटान सिफारिस सम्बन्धमा।
प्रस्ताव नं.१८: जेष्ठ नागरिक मिलनकेन्द्रलाई रकम विनियोजन सम्बन्धमा।
प्रस्ताव नं.१९: ट्र्याक्टर फिर्तागरी कृषि एम्बुलेन्स खरिद अनुदान सम्बन्धमा।
प्रस्ताव नं.२०: मिलनचोकबाट बोटेगाउँ हुदै मादिनदी जाने बाटो निर्माण मर्मत सम्बन्धमा।
प्रस्ताव नं.२१: रकमान्तर सम्बन्धमा।
प्रस्ताव नं.२२: राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRR MVT) बाट Rapid Vishal Survey कार्यमा खटिएको टोलीलाई सहयोग पुर्‍याउने सम्बन्धमा।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/१०/२२ गते भएको कार्यपालिका बैठकको समिक्षा गरियो।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दफा ७ अनुसार प्राज्ञ सभा र दफा ८ अनुसार प्रज्ञा परिषद् गठन गर्न १५ दिने सूचना प्रकाशन गरी इच्छुक साहित्य, सँस्कृति प्रवर्द्धनमा क्रियाशिल महानुभावहरुलाई सिफारिस गर्न सिफारिस समितिलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका शहरी योजना आयोग (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४(१) अनुसार व्यासनगरपालिकाभित्रका निम्न महानुभावहरुको सल्लाहकार मनोनयन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| १. श्री हरिसिंह गुरुङ्ग | – व्यास १, पर्यटन विद |
| २. श्री मोहन कुमार विश्वकर्मा | – व्यास २, उद्योग व्यवसायी क्षेत्र |
| ३. श्री पुष्परमण वाग्ले | –व्यास ३, पूर्व सदस्य राष्ट्रिय योजना आयोग |
| ४. श्री सुर्यनारायण श्रेष्ठ | – व्यास ३, NSET निर्देशक |
| ५. श्री रघुराज काफ्ले | – व्यास ५, योजना आयोग गण्डकी प्रदेश उपाध्यक्ष |
| ६. श्री शेषरमण न्यौपाने | – व्यास ६, अर्थ तथा सामाजिक विज्ञ |

७. श्री उषा पोखेल – व्यास १०, शिक्षा विद
८. श्री तिलु थापा – व्यास ११, इतिहास विद
९. श्री राजेन्द्र अधिकारी – व्यास ११, परराष्ट्र एवं प्रशासन विद
१०. श्री थम बहादुर दरै – व्यास ११, कृषि विज्ञ

(ख) सल्लाहकार समितिको संयोजन नगर प्रमुखबाट गरिने र उक्त बैठकमा तनहुँबाट संघ, प्रदेशमा प्रतिनिधित्व गर्नुहुने वर्तमान माननीय सांसदहरुलाई विशेष आमन्त्रण गरिनेछ ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट प्रतिनिधित्व गर्नुहुने पूर्व तथा निर्वतमान जनप्रतिनिधिहरुको अनुभवलाई नगरपालिकाको हितमा लगाउन परामर्श समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक श्री रामचन्द्र पोखेल – संविधान सभा सदस्य एवं पूर्व जि.वि.स. सभापति
२. सदस्य श्री ध्रुव वाग्ले – संविधान सभा एवं पूर्व नगर प्रमुख
३. सदस्य श्री आशा कोइराला – संविधान सभा एवं पूर्व मन्त्री, निवर्तमान प्रदेश सदस्य
४. सदस्य श्री राम बहादुर गुरुङ्ग – संविधान सभा निवर्तमान गण्डकी प्रदेश सदस्य
५. सदस्य श्री डोबाटे विश्वकर्मा – निवर्तमान गण्डकी प्रदेश सांसद/मन्त्री
६. सदस्य श्री सरिता गुरुङ्ग – निवर्तमान गण्डकी प्रदेश सांसद
७. सदस्य श्री शान्तिरमण वाग्ले – जिल्ला समन्वय समिति, प्रमुख
८. सदस्य श्री तारा प्रसाद श्रेष्ठ – प्रथम नगर प्रमुख
९. सदस्य श्री पवित्रा पौडेल – जि.स.स. निवर्तमान उपप्रमुख
१०. सदस्य श्री तम बहादुर दरै – प्रथम नगर उपप्रमुख
११. सदस्य श्री मिरा जोशी – निवर्तमान नगर उपप्रमुख
१२. सदस्य श्री केश बहादुर सुनार – निवर्तमान जि.स.स. सदस्य
१३. सदस्य श्री खरसिंह दरै – व्यास १, निवर्तमान वडाध्यक्ष
१४. सदस्य श्री प्रेम कुमार श्रेष्ठ – व्यास २, निवर्तमान वडाध्यक्ष
१५. सदस्य श्री विश्वराज न्यौपाने – व्यास ४, निवर्तमान वडाध्यक्ष
१६. सदस्य श्री मोहन कुमार श्रेष्ठ – व्यास ५, निवर्तमान वडाध्यक्ष
१७. सदस्य श्री सुयभक्त भण्डारी – व्यास ६, निवर्तमान वडाध्यक्ष
१८. सदस्य श्री सतिशचन्द्र न्यौपाने – व्यास ७, निवर्तमान वडाध्यक्ष
१९. सदस्य श्री ओजराज पौडेल – व्यास ८, निवर्तमान वडाध्यक्ष
२०. सदस्य श्री तुलसीराम सापकोटा – व्यास १०, निवर्तमान वडाध्यक्ष
२१. सदस्य श्री निर बहादुर खड्काा – व्यास ११, निवर्तमान वडाध्यक्ष
२२. सदस्य श्री तोत्र बहादुर कुँवर – व्यास १२, निवर्तमान वडाध्यक्ष
२३. सदस्य श्री लेख बहादुर राना – व्यास १३, निवर्तमान वडाध्यक्ष
२४. सदस्य श्री कल्पना पोखेल – व्यास २, निवर्तमान कार्यपालिका सदस्य
२५. सदस्य श्री अमृत बहादुर नेपाली – व्यास १२, निवर्तमान कार्यपालिका सदस्य
२६. सदस्य श्री शनिसरा गुरुङ्ग – व्यास ९, निवर्तमान कार्यपालिका सदस्य

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगर खेलकूद ऐन, २०७८ को दफा ३ (१) अनुसार निम्न लिखित नगर खेलकूद समिति गठन गर्ने निर्णय गरियो ।

१. अध्यक्ष श्री सुरेश थापा – वडाध्यक्ष, वडा नं.९
२. उपाध्यक्ष श्री कृष्णमाया गुरुङ्ग – कार्यपालिका सदस्य, वडा नं. १
३. सदस्य श्री जिवन गुरुङ्ग – वडाध्यक्ष, वडा नं.६, प्रमुखबाट मनोनित
४. सदस्य श्री सुरेश वाग्ले – वडा सदस्य, व्यास २, प्रमुखबाट मनोनित
५. सदस्य श्री कमला वि.क. – वडा सदस्य, व्यास ११, प्रमुखबाट मनोनित

६. सदस्य श्री नगर शिक्षा प्रमुख – प्रमुखबाट मनोनित
७. सदस्य श्री कृष्ण पुन – व्यास ५, प्रमुखबाट मनोनित
८. सदस्य श्री इन्द्र गुरुङ्ग – व्यास ४
९. सदस्य श्री सानुमाया श्रेष्ठ – व्यास ३, कार्यपालिकाबाट मनोनित
१०. सदस्य श्री चोक बहादुर थापा – व्यास ४, प्रमुखबाट मनोनित
११. सदस्य श्री मदन वाग्ले – व्यास ५, पत्रकार, प्रमुखबाट मनोनित
१२. सदस्य श्री शरण घर्ती – व्यास ११, फरक क्षमता, कार्यपालिकाबाट मनोनित
१३. सदस्य- सचिव श्री नविन पराजुली

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल व्यास नगरपालिका वडा नं. ८ को कार्यालय परिशरभित्र साविक मिर्लुङ गा.पं. वडा नं.१/क अन्तर्गतको श्री ईश्वर पौडेलका नाउँमा रहेको कि.नं. ६३३ क्षेत्रफल ०-३-२-२ र ऐ.ऐ.नक्सामा श्री पुरुषोत्तम पौडेलका नाउँमा रहेको कि.नं. ६३२ क्षेत्रफल ०-३-२-२ समेत जग्गा ०-७-१-० क्षेत्रफल जग्गा वडा कार्यालयले भोगचलन गर्दै आएकोमा वडा कार्यालय निर्माण गर्न अन्यत्र जग्ग्गा उपलव्ध हुन नसकेकाले नगरसभाबाट विनियोजित बजेट शिर्षक नं. ९२२ बाट भुक्तानी दिने गरी कानून बमोजिम जग्गा खरिद प्रकृया अघि बढाउन आ.ले.प. प्रमुख श्री कुमार कंचन जि.सी.लाई प्रतिनिधि तोक्ने र जग्गा प्राप्त भएपछि नगरपालिकाको नाउँमा भएको सोही जग्गाहरुसँग जोडिएको ऐ. कि.नं. का जग्गा समेतमा वडा कार्यालय भवन निर्माण योजना अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा हरेक बर्ष अन्तर्राष्ट्रिय महिला दिवसका दिन मार्च ८, (फाल्गुण २४ गते) व्यास ३ वि.पी. खेल मैदान देखि व्यास न.पा. वडा नं. ११ तनहुँसुर दरबारसम्म खुला महिला हाफ म्याराथन प्रतियोगिता सञ्चालन गर्न उपप्रमुख श्री इन्दिरा दरैको अध्यक्षतामा मुल समारोह समिति र नगर खेलकूद समितिका संयोजक श्री सुरेश थापाको अध्यक्षतामा सम्बन्धित वडा नं. ३ र ११ का प्रतिनिधि लक्षित खेलकूद समितिका पदाधिकारी सदस्यहरु रहेको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो । साथै गतबर्षको पुरस्कार राशी नघट्ने गरी मितव्ययी तवरबाट उक्त म्याराथन सम्पन्न गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर बहुउद्देश्यीय भवन निर्माण योजनाको पूर्वाधार तथा योजना शाखाबाट आजको कार्यपालिका बैठकमा प्रस्तुती गरियो । उक्त योजनाको टेण्डर प्रकृया अघि बढाउन र फाल्गुण मसान्तभित्र घर खाली गर्न घरभाडामा बस्ने व्यवसायीहरुलाई सूचना दिईएकोमा २०७९ चैत्र मसान्तसम्म खाली गर्न र खाली गर्ने क्रममा व्यवस्थापन गर्न १५ दिन थप म्याद दिई सो अवधिको घरभाडा नलिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्रका सहकारीहरुलाई नियमन गर्न अनुदान वितरण सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सो सम्बन्धी कार्यविधि, २०७९ को मस्यौदा आगामी बैठकमा पेश गर्न विद्यायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगर खेलकूद व्यवस्थापन कार्यविधि २०७७ पछि व्यास नगर खेलकूद ऐन, २०७८ आएकोले खेलकूद ऐनका प्रावधानसँग मिलान हुने गरी खेलकूद सम्बन्धी कार्यविधि संशोधन प्रस्ताव आगामी बैठकमा पेश गर्न विद्यायन समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को बजेट कार्यक्रम तयारीका लागि राजश्व परामर्श समितिलाई २०७९ चैत्र ५ गतेभित्र संघ, प्रदेश र आन्तरिक श्रोतबाट प्राप्त हुने आय प्रक्षेपण गरी पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत सम्पन्न भएका क्रमागत तथा अन्य योजनाहरुको सम्बन्धित शिर्षकमा रहेको आयबाट मात्र भुक्तानी दिन कठिनाई भएकाले पछि सोधभर्ना हुने गरी निम्न लिखित शिर्षकमा विनियोजित रकम मध्ये सञ्चित कोषबाट भुक्तानी प्रकृया अघि बढाउने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | कार्यक्रम | रकम |
|---|---|---|---|
| १. | ८३६ | दमौली बजार क्षेत्र सि.सि. क्यामेरा मर्मत जडान | १५,००,०००। |
| २. | ८४४ | मानुङ्गकोट सिद्धबाबा मन्दिर निर्माण | २५,००,०००। |
| ३. | ९१३ | व्यासनगर कोभिड नियन्त्रण अस्पताल निर्माण | ५०,००,०००। |
| ४. | ९१७ | फोहोरमैला व्यवस्थापन पूर्वाधार निर्माण एवं जग्गा खरिद | २,९०,००,०००। |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा एकल महिला, पुरुष र गर्भवती पोषण भत्ता वितरण सम्बन्धी समितिमा कार्यपालिकाको तर्फबाट महिला सदस्य श्री चन्द्रमाया परियारलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं. १४ का सम्बन्धमा छलफल हुँदा पूर्व निर्णयहरुबाट दायित्व सृजना भएका योजनाहरुको भुक्तानी रोकिएको गुनासाहरु आएको र हालको आन्तरिक आयमा कमी देखिएकाले नयाँ योजनामा रकम विनियोजन २०७९ चैत्र मसान्तसम्म स्थगन गर्ने र तत्काल अत्यावश्यक निम्न लिखित शिर्षकमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | नेपाल मगर विद्यार्थी संघ मा.वि.वक्तृत्वकला सहयोग | १ | ३०,०००/ | १९५ |
| २. | श्री जनसेविका प्राथमिक विद्यालयको शौचालय, छाना निर्माण/मर्मत | १ | १,५०,०००/ | ९१० |
| ३. | राजु घर्ति/राम बहादुर घर्ति घर संरक्षण | १ | ५०,०००/ | विपद |
| ४. | बस्नेत ब्रदर्श पोल्ट्री फर्म ईनार निर्माण | १ | २५,०००/ | ९२० |
| ५. | दलित समुदाय कर्मकाण्ड तालिम व्यवस्थापन | २ | १,००,०००/ | २३८ |
| ६. | योङ्ग कम्यूनिष्ट लींग नेपाल भलिवल प्रतियोगिता | ३ | २५,०००/ | २४९ |
| ७. | नेपाल मगर संघ स्थापना दिवस, सँस्कृती संरक्षण | ३ | ४०,०००/ | २४६ |
| ८. | चिन्तुटार खेल मैदान फुटवल पोष्ट खरिद | ५ | ८५,०००/ | ९१२ |
| ९. | चुदेर हाडिगाउँ खानेपानी बिस्तार | ५ | ४,००,०००/ | ९२३ |
| १०. | अमर प्रा.वि. करेसा नाला निर्माण | ६ | १,००,०००/ | ९१० |
| ११. | ईसा अलि मियां समेत खानेपानी पाईप | ६ | ७,०००/ | ९२३ |
| १२. | मदन काफ्ले स्पाईनल कर्ड उपचार | ६ | २०,०००/ | ५३ |
| १३. | भतेरी खेत बांध कुलो मर्मत | ६ | १,००,०००/ | ९२० |
| १४. | पाँचौं मेयर कप ब्याडमिण्टन प्रतियोगिता व्यवस्थापन | ६ | १,५०,०००/ | २४९ |
| १५. | सत्रसय खानेपानी योजना रकम भुक्तानी (२०७८/०७९ को) | ७ | २,१३,२३३/ | ९२३ |
| १६. | बाखा, खसी मरी क्षति भएकाले राहत, मिन बहादुर गुरुङ्ग | ९ | १५,०००/ | विपद् |
| १७. | डिहीगाउँ कृष्ण बहादुर भुजेल समेतको घर संरक्षण | १० | १,५०,०००/ | विपद |
| १८. | दरैपँधेरा लक्ष्मण गौली समेत खानेपानी पाइप खरिद | ११ | १२,०००/ | ९२३ |
| १९. | निर्बुचौतारा रुख कटान व्यवस्थापन खर्च | ११ | ४५,०००/ | ६२ |
| २०. | पाल्पाली थोक खानेपानी दुर्गा कामी समेत | ११ | २४,०००/ | ९२३ |

| | | | | |
|---|---|---|---|---|
| २१. | बालकल्याण प्रा.वि. खानेपानी व्यवस्थापन | १३ | ५०,०००/ | ९२३ |
| २२. | देवतारा वि.क., घर, गुम्बा समेत संरक्षण | १३ | १,००,०००/ | विपद |
| २३. | पुरानो सिस्नेपानी खानेपानी मर्मत | १३ | ५०,०००/ | ९२३ |
| २४. | लामिटारी बांधकुलो मर्मत | १३ | १,००,०००/ | ९२० |
| २५. | कुलुङ्ग खेलमैदान पैह्रो नियन्त्रण | १४ | १,००,०००/ | ९१२ |
| २६. | देउकुमारी परियार घर मर्मत संरक्षण | १४ | ४०,०००/ | विपद |
| २७. | सामाजिक परिचालक विन्दु ढकाल उपचार खर्च सहयोग | १४ | ४०,०००/ | ५३ |
| २८. | देव बहादुर बिश्वकर्मा उपचार खर्च | - | १५,०००/ | ५३ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ को वडास्तरीय योजना अन्तर्गत निम्न अनुसार निम्न लिखित बजेट कार्यक्रम शिर्षकबाट योजना परिवर्तनका लागि सिफारिस भई आएकाले योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| साविक योजनाको नाम | परिवर्तन भएको योजनाको नाम | विनियोजित रकम | शिर्षक |
|---|---|---|---|
| पिपलटारी खानेपानी योजना | मोचाबारी देखि गुणादीखोलासम्म खुर्सानी धारा मोटर मार्ग निर्माण | २,००,०००। | ४७० |
| आर्मी व्यारेकदेखि घर्तीगाउँसम्म सडक बत्ती बिस्तार | कटुवादेखि ट्याम्कीडाँडा हुदै पृथ्वीराजमार्ग जोड्ने मोटर मार्ग | २,००,०००। | ४५५ |

**निणंय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० को संघीय बजेटबाट प्राप्त नविकरणीय ऊर्जा प्रविधि जडान अन्तर्गत निम्नानुसार कार्यमा खर्च गर्ने गरी रकम विनियोजन/बाँडफाँड गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.११ तनहुँसुर क्षेत्रमा सौर्य ऊर्जाका लागि सोलार बत्ती रू.४,००,०००।- ( चार लाख) ।

(ख) व्यास नगरपालिकाभित्रका विभिन्न वजडामा प्रतिघर रू.२०,०००।- (बिस हजार) का दरले बायोग्याँस अनुदान - २० घरलाई हुने गरी रू.४,००,०००।- (चार लाख) ।

**निणंय नं..१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० डिहीगाउँ स्थित घर्तीचौताराका हाँगाहरुले नजिकका घर बस्तीमा असर गरेकाले हाँगाबिगा कटान गर्न जिल्ला वन कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निणंय नं..१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा बजेट शिर्षक नं.१९७ बाट खर्च हुने गरी रू.२,००,०००।- (दुई लाख) जेष्ठ नागरिक मिलनकेन्द्रको दिवाखाजा एवं भ्रमण व्यवस्थापन समेतका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निणंय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाबाट गतबर्ष वितरण गरिएको श्री युगबोध कृषि सहकारी संस्था लिमिटेड व्यास ५ र श्री शिसुवा भतेरी कृषि सहकारी संस्था व्यास १० लाई वितरण गरिएको ट्याक्टर नगरपालिकाकै नाउँमा रहेकोमा ट्याक्टर उपयोग गर्ने सहकारी संस्थालाई हस्तान्तरण गर्न कानूनी समस्या रहेको र उक्त ट्याक्टरहरु नगरपालिकालाई नै आवश्यक भएकाले सो ट्याक्टरहरु फिर्ता गरी बजेट शिर्षक नं. ९१५ बाट खर्च हुने गरी सम्बन्धित सहकारीले राखेको धरौटी रू.२,००,०००।- (दुई लाख) समेत फिर्ता गरी निम्नानुसार अनुदान दिने निर्णय गरियो ।

१. श्री युगबोध कृषि सहकारी संस्था लिमिटेड व्यास ७ – १२,००,०००।- (बाह्र लाख) (धरौटी समेत)
२. श्री शिसुवा भतेरी कृषि सहकारी संस्था व्यास १० – १२,००,०००।- (बाह्र लाख) (धरौटी समेत)
३. श्री आधारशिला महिला कृषि सहकारी संस्था व्यास १२ – ६,००,०००।- (छ लाख)

**<u>निणंय नं.२०:</u>** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा मादिनदीबाट ढुङ्गा, गिट्टी निकासीका लागि पटक-पटक टेण्डर गर्दा टेण्डरमा नगई नगरपालिका स्वयंले अमानतमा विक्री वितरण गर्दा ढुङ्गा, गिट्टी निकासीका विभिन्न नाकाहरुमा मर्मत सम्हार निर्माण गर्नुपर्ने देखिंदा आन्तरिक आय समेतको मूल्याङ्कन गरी हाललाई व्यास १० कुमलटारी स्थित मिलनचोक देखि बोटेगाउँ हुदै मादिनदी जाने बाटोमा अत्यन्त जोखिमयुक्त स्थानमा ढलान गर्नुपर्ने देखिंदा स्थानीय टोल संस्था समेतको सहमतीमा ल.ई. अनुसार रू.१५,५०,०००। (पन्ध्र लाख पचास हजार) कन्टेन्जेन्सीबाट खर्च हुने गरी तत्काल उपभोक्ता समिति मार्फत निर्माण मर्मत कार्य गर्ने निर्णय गरियो ।

**<u>निणंय नं.२१:</u>** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७९/०८० मा नगर तथा वडा अन्तर्गत विनियोजन गरिएको विपद व्यवस्थापन तर्फको बजेट विपद व्यवस्थापन कोष तर्फ रकमान्तर गरी सोही कोषबाट खर्च लेख्नुपर्ने भएको हुँदा उल्लेखित शिर्षकहरुको कुल रकम रू.९८,८२,२७८। (अन्ठानब्बे लाख बयासी हजार दुईसय अठहत्तर रुपैंया मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. विपद पूर्व तयारी एवं प्रतिकार्य (नगरस्तरीय | रू.१८,३६,०००/- |
| २. वडा नं. १ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| ३. वडा नं. २ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| ४. वडा नं. ३ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| ५. वडा नं. ४ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| ६. वडा नं. ५ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| ७. वडा नं. ६ विपद व्यवस्थापन | रू. ६,७६,३४७/- |
| **८.** वडा नं. ७ विपद व्यवस्थापन | रू. ५,८०,७७०/- |
| ९. वडा नं. ८ विपद व्यवस्थापन | रू.२,७२,५०० /- |
| १०. वडा नं. ९ विपद व्यवस्थापन | रू. ५,१७,०००/- |
| ११. वडा नं. १० विपद व्यवस्थापन | रू.७,००,०००/- |
| १२. वडा नं. ११ विपद व्यवस्थापन | रू. ३,६५,३६१/- |
| १३. वडा नं. १२ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| १४. वडा नं. १३ विपद व्यवस्थापन | रू ३५,०००/- |
| १५. वडा नं. १४ विपद व्यवस्थापन | रू. ७,००,०००/- |
| जम्मा | रू.९८,८२,९७८ /- |

<u>निर्णय नं.२२:</u> प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट Rapid vishal survey अन्तर्गत यस व्यास नगरपालिकामा भएका शैक्षिक संस्था स्वास्थ्य भवन तथा अन्य सार्वजनिक भवनहरुको हालको संरचनात्मक स्थितिको अध्ययन अनुसन्धान गर्नका लागि श्री MIS Building Design Authority (P) LTD. Kamaladi Kathmandu परामर्शदाता छनौट भई सम्झौता गरी उक्त संरचनाहरुका तर्फबाट प्राविधिक श्री सुजन जोशी र श्री मिथिलेस चौरासिया यस नगरपालिकामा आउनु भएकोले आवश्यक सहयोग र सहजीकरण गर्ने निर्णय गरियो ।